प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

CDS and Clearing Limited

पत्र संख्या : २०७६/७७ – ११

चलानी नं. : २२१

# प्रेश विज्ञप्ति

यस लि. ले एसिया प्रशान्त क्षेत्रमा रहेका धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदायक कम्पनीहरूको संगठन Asia-Pacific Central Securities Depository Group(ACG) को २३औं वार्षिक साधारण सभाको आयोजना गर्न लागेको छ। मिति २०७६/०५/२३ देखि २०७६/०५/२६ सम्म सञ्चालन हुने यस समारोहको समुदघाटन माननीय अर्थमन्त्री डां. युवराज खतिवडा ज्यू बाट मिति २०७६/०५/२४ गते बिहान ९ बजे हुनेछ। यस समारोहमा धितोपत्र बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्की, प्राध्यापक डा. विजय के.सी., यस लि. का सञ्चालक समितिका अध्यक्ष श्री चन्द्र सिंह साउद, एसिजीका अध्यक्ष तथा कोरिया सेक्युरिटिज डिपोजिटरीका प्रमुख Dr. Byungrhae Lee नेपाल राष्ट्र बैंकका प्रतिनिधि लगायतका विशिष्ट व्यक्तित्वहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

लगानीकर्ताको सेवा प्रवाहलाई प्रमुख मुंद्दाको रूपमा राखिएको यस समारोहमा एसिया प्रशान्त क्षेत्रमा रहेका विभिन्न ३५ वटा सदस्य संस्थाका प्रतिनिधिहरू माझ केन्द्रीय निक्षेप सेवा प्रदायकहरूले लगानीकर्तालाई प्रदान गरिरहेका सेवा तथा सो का चुनौतीहरूको विषयमा केन्द्रित रही विश्व पूँजी बजारको मञ्चमा केन्द्रीय निक्षेप सेवा प्रदायकहरूको वर्तमान अवस्थाका बारेमा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त विशिष्ट व्यक्तित्वहरू बाट चर्चा गरिने छ। यस कार्यक्रममा यस लि. का सञ्चालक श्री निरञ्जन फुयालले नेपालको पूँजी बजार सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुनेछ। यसका साथै एसिजीका वर्तमान अध्यक्षको कार्यकाल यसै वर्ष देखि समाप्त हुने भएकोले नयाँ नेतृत्वका लागि चुनाव हुने कार्यक्रम रहेको छ।

यस लि. को आयोजनामा पुँजी सँग सम्बन्धित नेपालमा पहिलो पटक हुन लागेको अन्तर्राष्ट्रिय कार्यक्रमबाट अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त अनुभवी संस्थाहरू सँगको सम्बन्धलाई थप मजबुत बनाई आगामी दिनहरूमा नेपालको पूँजी बजारको विकाशमा अझ उल्लेखनीय भूमिका निर्वाह गर्न विभिन्न संघ-संस्थाहरू सँगको अनुभव, प्राविधिक सहायता तथा परामर्श प्राप्त गर्न सहज हुने साथै अन्तर्राष्ट्रिय जगतमा नेपालमा वैदेशिक लगानीको अवसरका बारेमा थप जानकारी प्रदान गर्न सकिने विश्वास लिइएको छ।

मिति: २०७६/०५/२३

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdsc.com.np, Website: www.cdsc.com.np